"कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, पुर्वाधारः सुन्दर समृद्ध बर्जुको आधार"

# बर्जु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अमाहीबेल्हा, सुनसरी ।
कोशी प्रदेश, नेपाल

आ.वं.: २०८१।८२
च.नं.:

## आ.व. २०८१/०८२ मा विज्ञापन एजेन्सी, संस्था, फर्म/कम्पनीहरुबाट पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव पेश गर्ने बारे सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/०५/१८)**

यस गाउँपालिकालाई आ.व. २०८१/०८२ को लागि आवश्यक पर्ने राष्ट्रिय स्तरका पत्रपत्रिकामा विज्ञापन एवम् सूचना प्रकाशन गर्नका लागि इच्छुक इजाजत प्राप्त विज्ञापन एजेन्सी, फर्म/कम्पनी/संस्थाहरुले रितपूर्वकको दिन सक्ने छुट सहितको दररेट यसै सूचनासाथ संलग्न विवरणहरु यस कार्यालयको वेभसाइट www.barjumun.gov.np बाट डाउनलोड गरी यो सूचना प्रकासित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा रु. १०००।— (एक हजार) तिरेको राजश्व भौचर सहित तपसिलको कागजपत्रहरु समेत संलग्न राखी पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. संस्था/एजेन्सी अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र,
२. अद्यावधिक नविकरण फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणित प्रमाण-पत्र
३. मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाण-पत्र,
४. स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाण-पत्र,
५. आ.व. २०७९/०८० सम्मको करचुक्ता प्रमाण-पत्र,
६. विज्ञापन बोर्डमा दर्ता तथा नविकरण भएका प्रतिलिपी,
७. निवेदन

(नोटः रीतपूर्वकको सबैभन्दा बढी छुट दिने फर्म/कम्पनी/संस्थालाई छनौट गरिने छ ।)

२०८१/०५/१८
(तेजिन्द्र गौतम)
प्रमुख प्रशासकीय अधिकृत

तेजिन्द्र गौतम
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, पुर्वाधारः सुन्दर समृद्ध बर्जुको आधार"

# बर्जु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अमाहिवेल्हा, सुनसरी ।
कोशी प्रदेश, नेपाल

आ.वं.: २०८१।८२
च.नं.:

## अनुसूची-१

### राष्ट्रिय स्तरका "क" र कोशी स्तरका "क" वर्गमा प्रकाशित हुने देहायका पत्रिकाहरु

| राष्ट्रिय स्तरबाट प्रकाशित हुने पत्रिका "क" वर्ग | प्रदेश स्तरबाट प्रकाशित हुने पत्रिका "क" वर्ग | कैफियत |
|---|---|---|
| गोरखापत्र दैनिक | ब्लाष्ट दैनिक | |
| कान्तिपुर दैनिक | कोशी पत्र दैनिक | |
| नागरिक दैनिक | हाम्रो मत दैनिक | |
| हिमालय टाइम्स दैनिक | उदघोष दैनिक | |
| कारोबार दैनिक | वा यस्तै प्रकृतीक प्रदेश स्तरका पत्रिकाहरु | |
| सौर्य दैनिक | | |
| मध्यान्ह दैनिक | | |
| द राइजिङ्ग दैनिक | | |
| रिपब्लिक डेल्ली | | |
| द काठमाण्डौ पोष्ट | | |
| नेपाल समाचार पत्र दैनिक | | |
| अन्नपुर्ण पोष्ट दैनिक | | |
| नयाँ पत्रिका दैनिक | | |
| वा यस्तै प्रकृतीको राष्ट्रिय स्तरका पत्रिकाहरु | | |

नोटः- यस प्रकृयामा मूल्याङ्कन गर्दा राष्ट्रिय स्तरको "क" वर्ग र प्रदेश स्तरको "क" वर्गको छुट्टाछुट्टै मूल्याङ्कन गरिनेछ । दुई वटा भिन्ना भिन्नै फर्मको न्युनत्तम कबोल अंक न्युनत्तम भई सम्झौता गर्नुपर्ने भएमा कार्यसम्पादन जमानत क्रमश् पचास हजारको दरले नियमानुसार राख्नुपर्नेछ ।

तेजेन्द्र गौतम
प्रमुख प्रशासकीय अधिकृत

"कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन, पुर्वाधार: सुन्दर समृद्ध बर्जुको आधार"

# बर्जु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अमाहिबेल्हा, सुनसरी ।

आ.वं.: २०८१।८२
च.नं.:

## सूचनाको प्रकाशन दरभाउपत्रको BoQ

| सि.नं. | पत्रिका | Per CC | Per CC दर | रकम (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | Black & White Advertisement in National Daily Newspaper of Nepal. The National Daily Must be Listed as "A" category in the latest press council report which is mention in annex-1 | १ | | |
| २ | Black & White Advertisement in Province Level National Daily Newspaper of Nepal. The Province level National Daily Must be Listed as Province "A" category in the latest press council report which is mention in annex-1 | १ | | |

तेजिकेन्द्र गौतम
प्रमुख प्रशासकीय अधिकृत

त्यस कार्यालयबाट पत्रपत्रिकामा विभिन्न सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव माग भए बमोजिम संलग्न फाराममा उल्लेखित कार्यक्षेत्रगत लगायतका शर्तहरुको अधिनमा रहि पत्रपत्रिकहरुमा सूचना प्रकाशन गर्ने कार्य गर्न सहमत भई यो प्रास्ताव पेश गरेको छु/छौ ।

फर्म/कम्पनीको नामः

ठेगानाः

फर्म/कम्पनीको तर्फबाट अख्तियारवालाको दस्तखत

दस्तखत (संचालक, प्रोपाइटर वा संस्थाले अख्तियारी दिईएको व्यक्ति)-

पुरा नामः -

मितिः -

फोन नं.

फर्मको छापः -

मोबाइल नं.

देविकट गौतम
प्रमुख प्रशासकीय अधिकृत

## खण्ड -क

### सामान्य जानकारी तथा शर्त

१. प्रस्ताव पेश गर्ने प्रस्तावदातालाई निर्देशन

क. प्रस्तावदाताले प्रस्तावको बाहिरीपट्टी शीरमा "बर्जु गाउँपालिकाको लागि पत्रपत्रिकामा सूचना प्रकाशन गर्ने प्रयोजनार्थ छुट सम्बन्धी प्रस्ताव, भन्ने लेखी श्री प्रमुख प्रशासकिय अधिकृत, बर्जु गाउँपालिका, अमाहीवेल्हा, सुनसरी सम्बोधन गरी शिलबन्दी प्रस्ताव पेश गर्नु पर्नेछ।

ख. प्रस्तावदाताले छुट दिन प्रस्ताव गरेको प्रतिशत अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। सो स्पष्ट उल्लेख नभएमा प्रस्तावलाई मान्यता दिइने छैन ।

ग. प्रस्ताव पेश गर्ने समयमा प्रस्तावदाताले प्रस्ताब सहित तोकिएका पत्रपत्रिकाले आधिकारीक रुपमा प्रकासित गरेको दररेट समेत पेश गर्नु पर्नेछ ।

घ. पेश भएका सम्पुर्ण कागजातहरुमा प्रस्तावदाताले रितपुर्वक दस्तखत गरी आफ्नो फर्म/ कम्पनीको छाप लगाउनु पर्नेछ ।

ङ. प्रस्तावदाताले पेश गरेको प्रस्ताव स्वीकार गर्ने/नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

च. रित नपुगेका र तोकिएका कागजातहरु संलग्न भई नआएका प्रस्तावहरु रद्द गरिनेछ ।

छ. प्रस्ताव सम्बन्धी कुनै कुरा बुझ्नुपरेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

ज. प्रस्ताव वुझाउने अन्तिम मितिः २०८१/०६/०२, १२:०० बजे, प्रस्ताव खोलिने मिति २०८१/०६/०२, १४:०० बजे

झ. रकम बुझाउने खाता यस बर्जु गाउँपालिकाको कार्यालयको एन आई सि एसिया बैंक, AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA (ग.१.१) 2432050027873004

२. प्रस्तावदाताले कार्य सम्पादनका सिलसिलामा पालना गर्नु पर्ने कार्यक्षेत्रगत शर्तहरुः-

प्रमुख प्रशासकीय अधिकृत

क. कबोल छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाले आधिकारिक रुपमा प्रकासित गरेको दररेट लागु हुनेछ। सम्बन्धित पत्रपत्रिकाले प्रकासित दररेटमा कुनै परिवर्तन गरेमा सोको जानकारी प्रस्तावदाताले यथासम्भव छिटो यस कार्यालयलाई जानकारी गर्नुपर्नेछ ।

ख. सम्बन्धित पत्रपत्रिकाले सूचना प्रकासित गर्ने सम्बन्धमा कुनै किसिमको विशेष योजना (छुट) ल्याएमा सो बमोजिमको छुट यस कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

ग. प्रकाशन गर्नुपर्ने सूचना यस कार्यालयले दिएको लिखित आदेश बमोजिम तोकिएको मिति, समय र पृष्ठमा मात्र प्रकाशन गर्नुपर्नेछ ।

घ. यस कार्यालयले दिएको आदेश विपरित प्रकासित सामाग्रीको रकम यस कार्यालयले भुक्तानी गर्ने छैन ।

ङ. सामान्यतया सूचना प्रकाशनको लागि प्रकाशन गर्ने दिनको १ दिन वा सो दिनअगावै यथा समयमै लिखित आदेश र सूचना उपलब्ध गराइनेछ तर आकस्मिक रुपमा सूचना प्रकाशन गर्नु पर्ने भएमा उपलब्ध समयलाई ध्यान दिई आपसी समन्वयमा तत्काल सो दिनको भोलिपल्ट प्रकाशन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

च. स्वीकृत प्रस्तावदाताले प्रकासित गर्नु पर्ने सूचना यस कार्यालयले तोकेको ठाउँमा गई संकलन पर्नुपर्नेछ ।

छ. स्वीकृत प्रस्तावदाताले कार्य सम्पन्न भएपछि सो बापतको बिल यस कार्यालयमा पेश गर्नुपर्नेछ।

ज. स्वीकृत प्रस्तावदाताको सेवा सन्तोषजनक नलागेको अवस्थामा कुनै पनि वखत १५ दिनको लिखित जानकारी दिएर सम्झौता भंग गर्न सकिनेछ ।

झ. स्वीकृत प्रस्तावदाताको सम्झौता अघि रु. ५०,०००।— ( अक्षरुपी पचास हजार मात्र) बरावरको कार्यसम्पादन जमानत पेश गर्नुपर्नेछ । कार्यसम्पादन जमानतको म्याद प्रस्तावना खुलेको मितिले १३ महिनाको हुनु पर्नेछ । सम्झौता अवधि समाप्त भएको एक हप्ता भित्र कार्यसम्पादन जमानत फुकुवा हुनेछ । यदी प्रस्तावदाताको सम्झौताका शर्तको उलंघन गरेमा सो रकम जफत भई सम्झौता रद्द गरिनेछ ।

तेजेन्द्र गौतम
प्रमुख प्रशासकीय अधिकृत

३. प्रस्तावदाताले प्रस्ताव पेश गर्दा देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।

क. प्रस्तावदाताले यस कार्यालयको सूचना प्रकाशन कार्य गर्न गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, अन्नपूर्ण पोष्ट, नेपाल समाचार पत्र, नयाँ पत्रिका, कारोबार, राष्ट्रिय अभियान, the Rising Nepal, the Kathmandu Post, Republic, the Himalayan times लगायत अन्य पत्रपत्रिकाको लागि आधिकारिक रुपमा एजेन्सीको रुपमा कार्य गर्न प्राप्त गरेको नविकरण भएको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

ख. प्रस्तावदाताले उपरोक्तनुसारको पत्रपत्रिकाको विज्ञापनको साइज सहितको आधिकारिक दररेटको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४. मूल्याङ्कन सम्बन्धी व्यवस्थाः-

क. प्रस्तावदाताले पेश गरेको छुट प्रतिशत अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

ख. तोकिएको बमोजिमका कागजहरु समावेश गरी कार्यक्षेत्रगत शर्तहरु अनुरुप कार्य गर्न ईच्छुक प्रस्तावदाताहरुमध्ये सबै भन्दा बढी छुटको प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ।

५. भुक्तानी सम्बन्धी व्यवस्थाः-

क. स्वीकृत प्रस्तावदाताबाट कार्य सम्पन्न पश्चात पेश हुन आएको बिलको भुक्तानी EFT system बाट गरिनेछ।

ख. प्रस्ताव सम्बन्धी फाराम उल्लेखित कबोल छुट प्रतिशत आ.व. २०८१/०८२ का लागि मान्य हुनेछ ।

६. विविध व्यवस्थाः-

क. प्रचलित कानुन बमोजिम बुझाउनु पर्ने कर तथा दस्तुर प्रस्तावदाता स्वयंले व्यहोर्नु पर्नेछ ।

ख. प्रस्ताव सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम हुनेछ ।

गौतम
प्रमुख प्रशासकीय अधिकृत

## खण्ड खः

<u>छुट प्रस्तावः</u>

| पत्रिकाको नाम | न्युनत्तम आधिकारिक दर (प्रति सि.सि.) | छुट प्रतिशत | | रकम (प्रति सि.सी.) | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | अंकमा | अक्षरमा | |
| | | | | | | |

नोटः

१. छुट प्रतिशत सम्बन्धित पत्रपत्रिकाको आधिकारिक रुपमा प्रकाशित दररेटमा लागु हुनेछ ।
२. छुट प्रतिशत यसै आ.व. २०८१/०८२ सम्मको लागु हुनेछ ।
३. आधिकारिक रुपमा प्रकाशित दररेटमा उल्लेखित कबोल छुट रकम घटाएपछि आउने रकम मूल्य अभिवृद्धि कर लाग्नेछ ।

प्रस्तावकको नामः-

हस्ताक्षारः-

मितिः-

फर्मको नामः-

फर्मको छापः-

[Signature] तेजेन्द्र गौतम
प्रमुख प्रशासकीय अधिकृत